# आर्थिक वर्ष २०७५/०७६ को

# नीति, वजेट तथा कार्यक्रम

## जानकी गाउँपालिका

दुर्गौली, कैलाली

७ नं. प्रदेश,  नेपाल

२०७५ अषाढ १० गते

**आदरणीय गाउँ सभाका अध्यक्ष ज्यू,**
**गाउँसभाका सम्पूर्ण सदस्य ज्युहरु तथा**
**सम्पुर्ण महानुभावहरु ।**

१. नेपालको संविधान २०७२ जारी भएपछि वि.सं. २०७४ सालमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई स्थानीय तहको सरकारको रुपमा जिम्मेबारी सम्हालेको एक वर्ष पुरा गरी दोश्रो वर्षमा प्रवेश गर्ने संघारमा छौ । नेपालको संविधानको भाग १७ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार अनुसुची ८ र ९ तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिका र नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम, स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) अनुसार आगामी आर्थिक वर्ष २०७५/०७६ को गाउँपालिकाको वजेट तथा कार्यक्रम समेतलाई दिशानिर्देश गर्न जानकी गाउँ पालिकाको नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष पेश गर्न पाउँदा गौरवको अनुभुति गरेकोछु । साथै यस सुअवसरमा सम्पुर्ण जानकी गाउँबासी आदरणीय जनसमुदायहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

२. नेपाली जनताको पटक पटकको संघर्ष र विभिन्न आन्दोलनबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाइते, अपाङ्ग, वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ।

**आदरणीय गाउँ सभाका अध्यक्ष ज्यू,**
**गाउँसभाका सम्पूर्ण सदस्य ज्युहरु**

३. हालै सम्पन्न तीनै तहको निर्वाचनबाट राजनीतिक स्थायीत्व कायम भई मुलुक अब आर्थिक समृद्धि र विकासको दिशामा अगाडी बढेको छ । यस अवसरको सदुपयोग गर्दै हाम्रो गाउँपालिकामा रहेको कृषि, वन, साँस्कृति विविधता, धार्मिक तथा पर्यटकीय सम्भावना, प्राकृतिक श्रोत साधन र उपलब्ध जनशक्तिलाई उचित परिचालन एवं व्यवस्थापन गरि गाउँपालिकाको समृद्धि र विकासको ढोका खोलिने छ भन्नेमा म विश्वस्त छु ।
४. गाउँ पालिका स्थापना भएको पहिलो वर्ष, मनावीय र भौतिक श्रोत साधनको अभावमा पहिलो वर्षको समय गाउँ पालिका र वडा कार्यालहरुको व्यवस्थापनमा वढी समय खर्चिनु पऱ्यो । चालु आर्थिक वर्षको प्रथम गाउँ सभाबाट पारित भएका नीति, कार्यक्रम र बजेट कार्यन्वयनको मूल्याङ्कन र समीक्षा गर्दा सन्तोषजनक रहेको छ । प्रथम गाउँ सभाबाट पारित नीति, वजेट तथा कार्यक्रमको कार्यान्वयनको अनुभब र सिकाईबाट गाउँ पालिकाको दीगो र सन्तुलित विकासका लागि ठोस र योजनाबद्ध रुपमा अगाडी वढ्ने पृष्ठपोषण प्राप्त भएको छ ।

५. आ.व. ०७५/०७६ का लागि गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रमलाई समेत मध्यनजर गर्दै संघीय सरकारबाट प्राप्त वजेट सिलिङ्ग र मार्गदर्शन, प्रदेश सरकारको नीति, योजना र कार्यक्रम, अनुसुची-८ (स्थानीय तहको एकल अधिकारको सुची) र अनुसुची-९ (संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारको सुची), स्थानीय सरकार संचालन ऐन, २०७४ लाई ध्यानमा राखिएको छ । यसैगरी, नेपालले प्रतिवद्धता गरेको सन् २०३० सम्म पुरा गर्नुपर्ने दिगो विकासको लक्ष्य, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष्य, चौधौ आवधिक योजना र अन्तर्राष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिबद्धताका अनुरुप नतिजा प्राप्तीमा सहयोग पुऱ्याउने गरी कार्यगर्न यस गाउँयपालिका प्रतिबद्ध रहने छ ।

६. गाउँ पालिकाले विकासमा जनताको सहभागीता, अपनत्व र स्वामित्व कायम हुनेगरी, आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने खालका योजनाहरु कार्यान्वयनमा जोड दिइनेछ । साथै लगानीमैत्री बातावरण सिर्जना गरी सार्वजनिक नीजि साझेदारी अवधारणालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

७. गाउँपालिकाले लिएका नीतिहरुको प्रभावकारी कार्यान्वयन, गाउँपालिकाको सम्पतीको सुरक्षा र संरक्षण लगायतका कार्यका लागि नगरप्रहरी सेवा गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

८. गाउँपालिकाको आन्तरिक श्रोत परिचालनलाई दीगो र प्रभावकारी बनाउन, स्रोत साधन परिचालनमा आत्मनिर्भर बनाउदै लैजान करको दायरा बढाइनुका साथै करका दरहरुलाई समसायिक र बैज्ञानिक बनाइनेछ । आर्थिक वर्ष २०७५/०७६ को शुरुवातदेखि नै एकीकृत सम्पत्ति कर लागु गरिनेछ । राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, संसोधन, परिमार्जन लगायत राजश्व प्रशासन सुधारका लागि विज्ञहरुको परामर्श सेवा लिइनेछ ।

९. भुमीको उत्पादकत्व वृद्धि गर्न भूउपयोग नीति बनाईने छ र कृषियोग्य जमिनको खण्डीकरण र अतिक्रमण रोकिनेछ ।

१०. ऐलानी र प्रति जग्गाको लगत लिई अभिलेखीकरण गरिनेछ । साथै त्यस्ता सार्वजनिक जग्गालाई कानुनको दायरामा ल्याउन पहल गरिनेछ । सार्वजनिक जमीनमा बनेका घर टहराहरुलाई स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम बहाल विटौरी करको दायरामा ल्याइनेछ ।

११. गाउँपालिका भित्र रहेका सहकारी संस्थाहरुको नियमन र प्रभावकारीताका लागि तर्जुमा गरिएको सहकारी सम्बन्धी ऐन को प्रभावकारी कार्यान्वयन गरिनेछ । साथै आवश्यक नियम, कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । सहकारी संस्थाहरुमा रहेको शेयर सदस्यको पूँजीलाई सदुपयोग गरी सदस्यहरुको आर्थिक, सामाजिक विकासमा योगदान दिने खालका कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ ।

१२. गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त बनाउन संस्थागत सुधार गरिनेछ । प्रविधिमैत्री गाउँ पालिका विकास गरिने छ । निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ । कर्मचारीको कार्यसम्पादनको आधारमा दण्ड र पुरस्कृत गरिनेछ । वडा कार्यालय तथा गाउँपालिकाको आफ्नै कार्यालय भवन निर्माण गरी आफ्नै भवनबाट सहज र सरल सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

१३. जनताप्रति जबाफदेही र उत्तरदायी सेवा प्रवाहका लागि भ्रष्ट्राचार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ । गाउँपालिकाको काम कारबाहीलाई सरल, सहज, सुविधायुक्त र सेवाग्राहीमैत्री बनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र सुशासनयुक्त बनाइनेछ ।

१४. गाउँपालिका क्षेत्र भित्रका सम्भाव्य प्राकृतिक श्रोत र साधन, धार्मिक, पर्यटकीय स्थलको पहिचान गरि त्यसको अभिलेख राखिनेछ । बातावरणीय प्रभाव परिक्षण गरेरमात्र प्राकृतिक श्रोत साधनको उत्खनन र उपयोग गरिनेछ । साथै विकास आयोजना तथा परियोजनाहरुको छनौट गर्दा उपलब्ध प्राकृतिक श्रोत साधनको दिगो उपयोग र बातावरणीय पक्षलाई ध्यानमा राखिनेछ ।

१५. विकास आयोजनाहरुको गुणस्तरीयता र दिगोपनाका लागि निश्चित सुचक र मापदण्ड तयार गरी अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ । निर्माण सम्पन्न सबै प्रकारका भौतिक पूर्वाधारहरुको इन्भेन्टरी तयार गरी मर्मत सम्भार कार्यलाई प्राथमिकतामा राखिनेछ ।

१६. सुरक्षित बसोबास र व्यवस्थित शहर निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्ड, २०७२ को पुर्ण पालना गरिनेछ । सडक यातायात गुरुयोजनालाई अद्यावधिक गरी सोही आधारमा सडकको स्तरोन्नती (कालोपत्रे) र सुधार गर्दै लगिनेछ । घरनक्सा पास सम्बन्धी कार्यलाई थप व्यवस्थित र सहज बनाउन भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१७. गाउँ पलिका शिक्षा ऐन तथा नियमावली तर्जुमा गरी आधारभुत र माध्यामिक शिक्षालाई नियमन गरिनेछ । शिक्षाको गुणस्तर सुधारका लागि शिक्षा ऐन तथा नियमको प्रभावकारी कार्यान्वयन गरिनेछ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका गरिव र जेहन्दार बालबालिकाहरु र फरक क्षमताका बालबालिकाको शिक्षाका लागि विशेष छात्रबृतिको व्यवस्था गरिनेछ ।

१८. बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागीता जस्ता बालअधिकारका विषयमा कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ ।

१९. प्राविधिक एवं व्यवसायिक शिक्षाको माध्यमबाट युवाहरुलाई स्वदेशमै रोजगारको अवसर सिर्जना गर्न पहल गरिनेछ ।

२०. युवा तथा खेलकुद लक्षित कार्यक्रमहरु संचालन गरी युवाहरुलाई समाज विकासको काममा परिचालन गरिनेछ । साथै खेलकुद पूर्वाधार विकासमा जोड दिइनेछ ।

२१. स्थानीय भाषा, साहित्य, संस्कृति, कलाको संरक्षण र विकासका लागि कार्यक्रमहरु संचालन गरिनेछ

२२. आधारभुत स्वास्थ्य सेवामा पहुँच र सुनिश्चितताका लागि गाउँपालिका भित्रका सरकारी स्वास्थ्य संस्थाहरुले दिदै आएको सेवालाई थप प्रभावकारी बनाइ सेवाको गुणस्तरीयतामा जोड दिइनेछ । गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य जाँचलाई अनिवार्य गरिनेछ । एक वडा एक सरकारी स्वास्थ्य संस्थाको नीति लिइनेछ । स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका नागरिकका लागि विशेषज्ञ डाक्टर सहितको घुम्तीसेवा मार्फत सेवा दिइनुका साथै स्वास्थ्य शिक्षा, पोषण सम्बन्धी चेतनामुलक र प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ । निश्चित सुचक र मापदण्ड बनाई निजी अस्पताल, क्लिनिकहरुको नियमन गरिनेछ ।

२३. सामाजिक स्वास्थ्य विमा कार्यक्रममा सबै घरपरिवारलाई समेटन पहल गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

२४.	गाउँपालिका क्षेत्रभित्रबाट निस्कने फोहरमैलाको संकलन, पुन उपयोग, प्रशोधन र विसर्जनका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार कार्य अगाडी बढाइनेछ । फोहरमैला व्यवस्थापनका लागि व्यवस्थित फोहरमैला व्यवस्थापन केन्द्र निर्माणको कामलाई अगाडी बढाइनेछ ।

२५.	उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपलब्ध खाद्य तथा अन्य बस्तु र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न वजार अनुगमन सम्बन्धी निर्माण गरिएको वजारको अनुगमन निर्देशिकाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२६. सीमान्तकृत, बञ्चितिकरणमा परेका, फरक क्षमता भएका, ज्येष्ठ नागरिक, महिला, बालबालिका, एकल महिला, मजदुरहरुको आर्थिक सामाजिक विकास गर्दै सम्मानपूर्ण जीवनयापन गर्नपाउने बातावरण सिर्जना गरिनेछ । "आर्थिक समृद्धिका लागि महिला उद्यमशीलता" भन्ने नाराका साथ क्रियाकलापहरु संचालन गरिनेछ ।

२७.	मुक्त कमैया, दलित, आदिबासी जनजाति, राना तथा थारु, विपन्न परिवारका सदस्यलाई रोजगार तथा अन्य आय आर्जनका कार्यक्रममा संलग्न गराई उनीहरुको आर्थिक विकासमा जोड दिइनेछ ।

२८.	वेरोजगार महिला तथा युवाहरुलाई विभिन्न सीपमुलक तालिम मार्फत लघु उद्यमशिलताको विकास गरी स्वदेशमै स्वरोजगार र आयआर्जन गर्न सक्ने बातावरण सिर्जना गरिनेछ । विभिन्न समुदायहरुले अपनाउदै आएको परम्परागत पेशा, सीप, व्यवसाय र कलालाई आधुनिकीकरण गर्न प्रेरित गरिनेछ ।

२९.	भुउपयोग योजना सहितको दीर्घकालिन एकीकृत शहरी विकास गुरुयोजना तर्जुमा गरीनेछ । एकीकृत बस्ती विकास र गाउँपालिका क्षेत्र भित्र एउटा औद्योगिक क्षेत्र निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

३०.	विपद् जोखिम न्यूनिकरण, जलबायु परिवर्तनको असर न्यूनिकरण तथा जैविक विविधता संरक्षणका लागि दीर्घकालिन योजना बनाई कार्यान्वयन गर्न पहल गरिनेछ । नदी नियन्त्रण गुरुयोजना बनाई सोही बमोजिम प्राथमिकताका साथ नदी नियन्त्रण कार्यलाई अगाडी बढाइनेछ । विपद् जोखिम न्यूनीकरणका लागि समुदायमा आधारित कार्यक्रम संचालन गरिनेछ ।

३१. सामुदायिक बनबाट सदस्यहरु र अन्य लाभग्राहीले बढी भन्दा बढी लाभ पाउने गरी साझेदारीमा कार्यक्रम संचालन गरिनेछ । साथै सामुदायिक बन भित्र वेत, बाँस, जडीबुटी खेती, फलफुल खेती लगाई सदस्यहरुको आयआर्जनमा योगदान पुग्ने क्रियाकलाप संचालन गर्न प्रोत्साहन गरिनेछ । बन विनाश तथा अतिक्रमण रोकी बातावरण संरक्षणमा जोड दिइनेछ ।

३२. गैर सरकारी संस्था र सामाजिक संस्थाहरुको नियमनका लागि कार्यविधि बनाई कार्यान्वयन गरिनेछ । गैरसरकारी संस्थाहरुबाट संचालित क्रियाकलापको निश्चित सुचक र मापदण्ड बनाई कडाइका साथ अनुगमन गरिनेछ । संस्थाहरुको कार्यक्षमता र विज्ञताको आधारमा एकद्धार प्रणाली अपनाई साझेदारीमा क्रियाकलापहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।

३३. श्रमजीवि एवं मजदुरहरुका लागि क्षमता अभिवृधि गर्ने नीति अवलम्वन गरिनेछ ।

३४.	आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गरिनेछ । विद्यालय पढ्ने सवै उमेरका सवै वालवालकि लाई विद्यालय भर्ना गर्ने कार्य प्रत्येक वर्ष अभियानका रुपमा अगाडी बढाईनेछ ।

**आदरणीय गाउँ सभाका अध्यक्ष ज्यू,**
**उपस्थित गाउँ सभाका सदस्य ज्युहरु**

**क्षेत्रगत विकास कार्यनीति**

जानकी गाउँ पालिकाले योजना वद्ध विकासको प्रयासको दोश्रो वर्षमा पुगेको छ । पहिलो वर्ष तर्जुमा गरिएका योजनाहरुको कार्यान्वयनवाट भौतिक पूर्वाधार एवं सामाजिक पूर्वाधार क्षेत्रमा केही प्रगति भएता पनि अधिकांस जनताको जीवनस्तरमा अपेक्षाकृत विकास हुन सकेन । त्यसैले आगामी आ.व. २०७५।०७६ को वार्षिक योजनामा रोजगारी उन्मुख कार्यक्रम र सामाजिक विकासको माध्यमवाट गाउँको आर्थिक सामाजिक रुपान्तरणको गतिलाई तीव्रता प्रदान गर्ने सोच राखेर जानकी गाउँपालिकाले जनप्रतिनिधि, विषयगत शाखा प्रमुख र अन्य सरोकारवालहरुसंग परामर्श तथा छलफल गरी क्षेत्रगत विकास नीति निर्धारण गरेको छ ।

उपरोक्त क्षेत्रगत नीति निर्धारणमा कृषि उत्पादकत्व अभिवृद्धि गर्ने, शिक्षा तथा स्वस्थ्यको पहुँच तथा गुणस्तर सुधार गर्ने, सुशासनको प्रत्यभूतीगर्ने, मानव अधिकार संरुक्षण गर्ने, यातायात तथा अन्य स्थानीय पूर्वाधारहरुको व्यापक विकास गर्ने, पर्यटन प्रवर्द्धन द्वारा स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउने, साना तथा मझौला औधोगिकरण द्वारा आत्म निर्भर बढाउने, प्राकृतिक स्रोत साधनहरु उपयोग गर्दा वातावरणमैत्री कार्य पद्धति र व्यवहारमा ध्यान दिने जस्ता विषयहरुलाई आगामी वार्षिक योजनामा (२०७५।०७६) प्राथमिकता साथ समेटन देहायका क्षेत्रगत विकास नीतिहरु निर्माण गरिएको छ ।

**दीर्घकालिन सोच :**

जानकी गाउँपालिकाको आधारभुत आवश्यकता पुरा गर्दै विशिष्ट पहिचान सहितको सुन्दर समृद्ध गाउँपालिका बनाउने दिर्घकालीन सोच राखिएको छ ।

**क्षेत्रगत निति एंव प्राथमिकताहरु**

गाउँपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि गाउँपालिकाबाट निम्नानुसार प्राथमिकताका आधारमा बिषयगत नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**क) आर्थिक विकास**

## कृषि तथा पशुपालन सम्बन्धी नीति :

- कृषि समुह, कृषि सहकारी तथा व्यवसायिक कृषि प्रणाली मार्फत कृषिजन्य उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिवृद्धिमा जोड दिइनेछ ।
- खेतीयोग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमीको दिगो उपयोगका लागि उपयुक्त योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

- खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लक तथा जोन विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।
- कृषिमा आधारित साना उद्योगहरू, सेवा तथा ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरिनेछ ।
- स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशेष अवसरहरूको उपयोग गरी कृषक तथा कृषि प्राविधिकहरूको सीप विकास र उपयुक्त कृषि प्रविधि मार्फत कृषिको व्यवसायीकरण र विविधीकरण, नमुना कृषि कार्यक्रम कार्यान्वयन गरी कृषि रोजगारीको सृजना गरिनेछ ।
- पशुपन्छीको नस्लसुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका कार्यलाई अगाडिबढाई एकीकृत रूपमा सेवा प्रदान गर्ने गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- कृषि विकाससंग सम्बन्धित विभिन्न सरकारी अर्ध-सरकारी तथा गैरसरकारी संघ-संस्था, विकासका अन्य साझेदारीहरू तथा नीजि क्षेत्रसंग समन्वय र सहकार्य गरी सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरूप एकीकृत कृषि विकास कार्यक्रमहरू संचालन गरिनेछ ।
- सडक र बजारमा कृषकहरुको पहुँचलाई सर्वशुलभ एवं प्रभावकारी वनाउनकालागी गाउँपालिकाको उपयुक्त ठाउँमा कृषि/पशु हाटवजार तथा संकलन केन्द्र स्थापना गरी कृषि वजारलाई व्यवस्थित वनाउदै लगिनेछ ।
- सम्भाव्यताका आधारमा बाली विशेषका पकेट क्षेत्रहरू निर्धारण गरी प्रत्येक वडाका प्रत्येक एक गाउँलाई प्राविधिक तालिम उपलब्ध गराई **एक गाउँ एक उत्पादन** कार्यक्रम अनुसार खाद्यान्न, तरकारी, दुग्ध, फलफूल, नगदेवाली, च्याउ, माछापालन र मौरीपालन जस्ता कृषि कार्यक्रमहरूलाई व्यवसायीकरण गर्न कृषि समूह, कृषि सहकारी र व्यक्तिगत फर्महरूलाई प्रोत्साहन तथा सामाग्रीमा अनुदान दिई **एक घर एक रोजगार** सृजना गर्ने जोड दिईनेछ ।
- खेतीयोग्य जमिनको माटो परिक्षण गरी माटो सुधार कार्यक्रमहरु लागु गरिनेछ ।
- पशु स्वास्थ्य सेवाको लागि प्राविधिक जनशक्तिको परिचालन मार्फत जानकी गाउँपालिकालाई पशुपालन क्षेत्रको रूपमा विकास गरी अण्डा, मासु तथा दुग्धका लागि आत्मनिरर्भतातर्फ उन्मुख एवं प्रोत्साहन गरिनेछ साथै सुरक्षित एवं भरपर्दो पशुवधशाला र मासु पसल स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- सामुदायिक चौपायाहरुलाई नियन्त्रण र व्यवस्थापन गर्न पशु अभिलेखीकरण गरिने छ, गौशाला निर्माण एवं पशु छाडा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने खालका कार्यक्रमहरु तर्जुमा गरिनेछ
- कृषकहरुको जोखिम न्यूनीकरणका लागि पशु विमा कार्यक्रममा अनुदान दिईनेछ ।
- गाई, भैंसी, बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई उन्नत नस्लकापशुहरूको सङ्ख्यामा वृद्धि गरिनेछ ।
- व्यवसायिक कृषकहरुको मुल्यांकन गरि वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।

- पशुपन्छी पालक, साना कृषक, कमलरी, मुक्त कमैया, हलिया तथा भूमिहीन विपन्न किसानलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालनगरिनेछ ।
- कृषिलाई आत्म निर्भर वनाउन रानी जमरा कुलरिया सिंचाई योजना तथा कर्णालीको नहर किनारमा वहुवर्षिय घाँस खेति गरि प्रर्यटकीय क्षेत्रको विकासमा विशेष जोड दिईने छ र निश्चित किसानहरुलाई स्यालो ट्युवेल कार्यक्रम लागु गर्न विशेष पहल गरिनेछ ।

## सहकारी सम्बन्धी नीति :

- सहकारी सम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन गरिनेछ । सहकारी सम्बन्धी नियम, कार्यविधिहरु तर्जुमा गरि सहकारी संस्थाहरुलाई नियमन गरिनेछ ।
- सहकारी संस्थालाई कृषि, पर्यटन, उद्योग, ऊर्जाजस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ ।
- सहकारी संस्थाहरूको व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ ।
- सहकारीमैत्री कर प्रणालीको विकास गरिनेछ ।
- सहकारीमा आबद्ध युवा महिला, विपन्न महिला, सीमान्तकृत गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पुँजी र सीपमूलक तालिम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- सुपथ मुल्यमा समयमै उपलब्ध हुनेगरी मलखाद, विउविजन विक्री वितरण गर्न प्रत्येक वडामा सहकारी मार्फत उपलब्ध गराउनका अतिरिक्त उन्नत जातका विउँ विजन समयमै उपलब्ध गराउने कार्यका लागि विउ विजन वैंक स्थापना गर्ने नीति तय गरिनेछ ।
- कृषि उपजमा किटनासक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादन बृद्धिमा प्रोत्सहान गर्ने जस्ता कार्यक्रमहरु ल्याईनेछ ।
- सहकारीहरुलाई एक सहकारी एक उद्देश्य नीति अवलम्बन गरिनेछ ।

## उद्योग, वाणिज्य र पर्यटन

- जानकी गाउँपालिका भित्र पर्ने ऐतिहाँसिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने गरिनेछ ।
- आन्तरिक र वाह्य पर्यटकको आकर्षणका रुपमा विकास गरिने खालका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरिनेछ ।
- विभिन्न पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरि विभिन्न साँस्कृति र स्थानीय परिकारहरु पस्किने होमस्टे, प्राचीन संस्कृतिको अध्ययन केन्द्र मनोरञ्जनात्मक वातावरणको विकास गरिनेछ

- निर्माणहुन लागेको जातीय संग्राहलयको निर्माण, विकास, व्यवस्थापनकालागि आवश्यक पहल गरिनेछ ।
- स्वस्थ व्यापार व्यवसायको अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका स्तरीय पर्यटन गुरु योजना तयार गरी गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थालहरुको व्यवस्थापन गरिने छ ।
- एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ ।
- पर्या-पर्यटन तथा कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप वातावरणमैत्री बनाइनेछ ।

## राजस्व तथा आर्थिक नीति :

- साविकका करकादरहरु यथावत राखी करका दायरामा वृद्धी गरिनुका अतिरिक्त गाउँपालिकाको स्वायत्त अधिकार क्षेत्रभित्र रहने कर दस्तुरका वृहत क्षेत्रहरुको पहिचान सहित संकलन तथा व्यवस्थापनमा उपयुक्त नीति अपनाई श्रोत साधनको परिचालन गरिने तथा साविकको आन्तरिक श्रोत वृद्धि गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।
- राजस्व परिचालनकालागि एकिकृत सम्पत्ति कर लागु गर्न गरिनेछ  र एकिकृत सम्पत्तिकरलाई व्यवस्थित गर्दै लगिनेछ ।
- आन्तरिक राजस्व वृद्धीकालागि व्यवसायकरमा सार्वजनिक निजी साँझेदारीको अभ्यास अगाडी वढाईनेछ ।
- गाउँपालिका क्षेत्र भित्र संञ्चालनमारहेका उद्योग व्यवसायलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी वनाउन विशष अभियान संञ्चालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिईनेछ ।
- व्यवसाय कर, वहाल कर तथा अन्य श्रोतको लगत अध्यावधिक गरिदै लगिनेछ ।
- गाउँपालिकाको विभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारी रुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।

## ख) सामाजिक विकास सम्बन्धी नीति :

### शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति :

- जानकी गाउँपालिका अन्तरगतका सरकारी विद्यालयका स्तरउन्नतिमा जोड दिदै समग्र शैक्षिक गुणस्तर अभिवृद्धिको लागि  गाउँ शिक्षा समन्वय समिति गठन गरि परिचालन गरिनेछ ।
- महिला सशत्तिकरणलाई प्राथमिकतामा राखि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । अधिकतम कार्यक्रमहरु प्रवाहगर्नका लागि सम्बन्धित कन्द्रहरु स्थापना गरिनेछ ।

- विद्यालय व्यवस्थापन समितिको प्रभावकारीतालाई बढाई गाउँ शिक्षा योजना निर्माण गरी प्रभावकारी कार्यान्वयनका लाीग विद्यालयहरु गाभ्ने र विद्यार्थी शिक्षक अनुपातका आधारमा दरबन्दी मिलान गर्ने नीति लिइनेछ ।
- गाउँपालिका भित्रका उत्कृष्ट आधारभुत र माध्यमिक विधालय र शिक्षकलाई पुरुष्कृत तथा सम्मान गर्ने नीति लिईने छ ।
- सामुदायिक अध्ययन केन्द्र तथा बालविकास केन्द्रहरूको पहुँच नभएका स्थानमा सोको स्थापना गरी त्यस्ता केन्द्रहरुलाई सक्षम, प्रभावकारी र कार्यमूलक बनाइनेछ ।
- **साक्षर नेपाल** अभियानलाई पुरा गर्नका लागि पूर्ण साक्षर गाउँपालिकाका रूपमा स्थापित गर्न प्रयास गरिनेछ ।
- **स्थानीय स्तरका खेलाडीहरु** प्रोत्साहन गर्न तथा खेल र खेलाडीको सम्वृद्धिको लागि स्थानीय स्तरको Sport Academy स्थापना एवं सञ्चालन गरिनेछ ।
- खेलकुद विकासको लागि गाउँपालिका स्तरीय फुटवल, भलिवल, व्याटमिन्टन र क्रिकेट लगायतका अन्य खेल प्रतियोगिताको आयोजना गर्ने र खेलकुद सामाग्रीहरु विधालयहरुलाई तथा खेलसंस्थाहरुलाई उपलब्ध गराईने छ ।
- गाउँपालिका क्षेत्र भित्र खेल मैदानको निर्माण र स्तर उन्नतीको कार्य गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्रका स्थानीय टोल विकास समितिहरु र युवा क्लवहरुलाई प्रोत्साहन र प्रवर्द्धन गरिने छ ।
- गाउँस्तरिय खेल मैदान निर्माणको लागि उचित स्थानको पहिचान गरी निर्माण कार्यका लागि पहल गरिनेछ साथै गाउँ स्तरिय खेलकुद विकास समिति गठन गरी परिचालन गरिनेछ ।
- सामुदायिक पुस्तकालयको स्थापनाका लागि पहल गरिनेछ ।
- **प्राविधिक शिक्षा आजको आवश्यकता** भन्ने नारालाई मध्यनजर गर्दै प्रविधिक शिक्षा संचालन गर्नका लागि प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका लागि विशेष खालका कार्यक्रम संचालन गरिनेछ ।
- सबैका लागि र सधैका लागि शिक्षा भन्ने नारालाई मूर्तरुप दिन विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक विधालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, संचालन र व्यवस्थापनमा प्रभावकारी रुपमा व्यवस्था मिलाईने छ ।
- कला र संस्कृतिको विकास र संरक्षण गरिनेछ ।

## खानेपानी तथा सरसफाइ

- 'एक घर एक शौचालय' को व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।
- सार्वजनिक स्थल, संस्था र मानिसको आवागमन बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।
- फोहर व्यवस्थापन कार्यलाई स्थानीय सामुदायिक संस्था, टोल विकास संस्थासंगको साझेदारीमा फोहरमैलाको उचित व्यवस्थापन गरिने छ ।
- **स्वच्छ खानेपानी पिउन पाउने अधिकारको संरक्षण गर्दै** प्रत्येक वडामा ओभर हेड टंकी निमार्ण गरी आगामी ५ वर्षभित्र स्वच्छ खानेपानी वितरणकोलागि व्यवस्था गरिनेछ ।
- कुहिने फोहोरलाई प्रयोग गरी, गमला तरकारी खेतीगर्ने अभियानलाई प्रोत्साहन गरिने छ । हरियाली वगैंचा निर्माण गर्नेलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- फोहरमैलाको अल्पकालिन तथा दिर्घकालिन व्यवस्थापनकालागि **३ R** ( **REDUCE, REUSE, RECYCLE** ) को सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्न समुदाय तथा विद्यालयमा आधारित अनुशिक्षण कार्यक्रम संञ्चालन गरिनेछ र **LAND FILL SITE** को सम्भाव्यता अध्ययनको कार्य अगाडि वढाईनेछ ।
- गाउँ पालिकालाई पूर्ण सरसफाई युक्त गाउँ पालिका बनाउनका लागि विभिन्न सरकोरवाला निकायहरु, गैसस सँग समन्वय गरि आवश्यक कार्यक्रम र जनचेतना अभिवृद्धि खालका कार्यक्रम तर्जुमा तथा लागु गरिने छ ।

**स्वास्थ्य**

- गाउँपालिका क्षेत्रमा शहरी स्वस्थ्य क्लिनिक प्रभावकारी रुपमा संचालमा ल्याईने छ ।
- स्वस्थ्य चौकीहरुवाट दिईने सेवालाई आधुनिक र सेवग्राहीमैत्री बनाईने छ ।
- गाउँपालिकाको विभिन्न दुर्गम क्षेत्र भित्र विषय विज्ञ डाक्टर सहितको घुम्ति स्वास्थ्य सेवा संचालन गरिने छ ।
- दिर्घकालिन रोगहरुको उपचारमा आर्थिक सहयोग उपलब्ध गराउने नीति लिईने छ ।
- स्वास्थ्य विमाका लागि गाउँपालिकावासीहरुलाई प्रेरित गरिने छ ।
- वाल तथा मातृ मृत्यु दर घटाउन महिला तथा वालवालिकाको पोषण अवस्था सुधार गर्न विशेष कार्यकमहरु संचालन गरिने छ ।
- गाउँपालिकाको समुदायस्तरमा स्वास्थ्य सम्वन्धी जन चेतनामूलक तालिमहरु संचालन गरिने छ । महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धि गर्ने नीति लिईनेछ ।
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, असहाय बालबालिका, एकल महिला तथा विपन्न महिला तथा विपन्न परिवारका सदस्यहरुलाई स्वास्थ्य सेवामा पहुँच पुर्‍याउने नीति लिईने छ ।
- स्थानीयस्तरमा औषधिजन्य बनस्पति, जडीबुटी र अन्य औषधिजन्य बस्तुको उत्पादन, प्रशोधन र वितरणमा प्रोत्साहन गरिने छ ।

- महिला स्वास्थ्य सेविकाहरुको क्षमता अभिवृद्धि गरिनेछ र उनीहरुलाई विभिन्न किसिमका प्रोत्साहन गर्ने गतिविधि सञ्चालन गरिनेछ ।
- अनियन्त्रित रुपमा विक्री वितरण भईरहेको मदिरालाई नियन्त्रण गर्न निश्चित ठाउँमा मात्र विक्री वितरण केन्द्र तोकी व्यवस्थित गरिनेछ ।
- सुर्ति, मदिरा र लागू पदार्थजन्य बस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिबृद्धि सम्वन्धी कार्यक्रमहरु संचालन गरिने छ ।
- आयुर्वेद औषधालय, प्राकृतिक चिकित्सा लगायत अन्य वैकल्पिक स्वास्थ्य पद्धति, जडिबुटी तथा वन औषधीको सम्भावना पहिचान गरी त्यस्ता जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

## धर्म, संस्कृति र कला संरक्षण

- गाउँपालिका क्षेत्र भित्रका प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन, विस्तार र सदुपयोग गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्रका प्रचलनमा रहेका सवै जातजातिहरुको चाँडपर्व, भाषा, कला, धर्म र संस्कृतिको संरक्षण तथा सम्पर्द्धन गरिने नीति लिईने छ ।

## ग) पूर्वाधार विकास सम्बन्धी नीति :

- जानकीगाउँपालिले  समग्र विकासका क्षेत्रलाई समेट्ने गरि  दीर्घकालीन योजना अन्तरगत पाँच बर्षे आवधिक योजनाको निर्माण तथा कार्यन्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाका मुख्यबजार तथा बस्तीहरुलाई समेट्नगरी यातायात गुरुयोजनाको निर्माण भैसकेको हुदा  ग्रामीण सडकहरु, पुल पुलेसाको निर्माण कार्यलाई क्रमिक रुपमा सोही अनुसार कार्यान्वयनगर्दै लगिने छ ।
- गाउँपालिकाका सम्पुर्ण बस्ती हरुमा विद्युतसेवालाई विस्तार गरि उर्जामा सबैको पहुँचपुगाउने ।
- वैकल्पिकउर्जा पर्वद्धन लाई गाउँपालिका क्षेत्रभित्र व्यापक रुपमा लागु गनरिनेछ ।
- पुराना बस्तीहरुको ब्यवस्थापन तथा नयाँवस्तीहरुको योजनावद्ध पुर्बाधार विकासमा जोडदिने नीति अवलम्बन गरिनेछ ।
- नयाँबन्ने घरहरुलाई भूकम्प प्रतिरोधात्मक रुपमा निमार्ण गर्ने नीतिलिईनेछ ।
- भवननिर्माण कार्य गर्दा नक्सापास गर्नको लागि अनिवार्य रुपमा भूकम्पनिरोधक बन्ने बनाउने किसिमको नक्सा बनाई पास गराई भवननिर्माण गर्ने निति अवलम्वनगर्ने सो कार्यको लागि विभागीय आचार संहिता अनुसार नक्सा डिजाइन तयार पारि निर्माण कार्य गर्ने गराईनेछ ।
- पुलपुलेसाको हकमा समयानुकुल २ मि. देखि ६ मि. सम्मको स्लाव कल्भर्ट निमार्ण गर्दा विभागिय नक्सा डिजाईन र ल.इ. अनुसार को निर्माण कार्य गर्ने । नीति अनिवार्य लागु गर्ने

साथै सडक निर्माणको हकमा जानकी गा.पा.को गुरु योजन तथा भौगोलीक बनावत र समय सापेक्ष अनुसार निर्माण गर्दै जाने निती लिईनेछ ।

- सिंचाईको पहुँच नपुगेको ठाउँमा आवस्यक भूमिगत सिंचाईको व्यवस्थागर्ने नीति तयार गर्ने ।
- बाढी ग्रस्त क्षेत्रमा विपदव्यवस्थापन तथा आवश्यक तटबन्धन तथा अन्य आवश्यक व्यवस्थाको नीतिनिर्माण गर्ने ।
- सबै सडक पूर्वाधर निर्माण गर्दा तर्जुमा गरिएको यातायात गुरुयोजना लाई कार्यान्वयनमा ल्याईने छ र साथै समयानुकुल परिमार्जित समेत गर्दै लगिनेछ ।
- गाउँपालिकाका मुख्य सडक र वस्तीहरुमा थप सौर्य सडक वत्तीको व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र उपयुक्त क्षेत्रको पहिचान गरी विभिन्न कार्यहरु गर्न मिल्ने कम्तीमा ५०० सिट क्षमताको अत्याधुनिक सुविधा सम्पन वहुउद्देश्यिय भवन City Hall निर्माण गर्न पहल गरिनेछ ।
- गाउँपालिकावाट निर्माण गरिने सार्वजनिक पूर्वाधार निर्माणहरुलाई अपाङ्गमैत्री तथा वालमैत्री वनाईनेछ ।
- बैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, शुन्य फोहोर मैलाको रुपमा वायो ग्याँसको विकास मा जोड दिईनेछ ।
- पुरानो बजारहरुलाई क्रमशः सुधार गरि सडक चौडा गर्ने ढल तथा नालाको व्यवस्था गरिनेछ ।
- नयाँ बजार र नयाँ वस्ती विकासका लागि योजनावद्ध विकास गरिनेछ । Land pooling को माध्यमबाट व्यवस्थित बजार र वस्तीको विकास गरिनेछ ।
- सानातिना भैपरीआउने पूर्वाधार निर्माण एवं निर्माण गरिएका आयोजनाहरुका मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।
- सडकको नयाँ ट्र्याक खोल्ने कार्यका लागि, लगत कट्टा कार्यमा सहजीकरण एवं सरल ठङ्गले व्यवस्थ मिलाईने छ र नयाँ लगतकट्टाको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।

## घ) वातावरण तथा भूसंरक्षण सम्बन्धी नीति :

- विपद् व्यवस्थापनलाई दिगो बनाउन विभिन्न प्रकारका प्रकोपका विषयमा अध्ययन तथा अनुसन्धान गरिनेछ ।
- प्राकृतिक श्रोतहरुमा आधारित उद्योगहरु स्थापना एवं सञ्चालनका लागि खुला नीति अवलम्वन गरिनेछ ।

- बस्ती/समुदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण लागि गाउँपालिकाको वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- वनलाई आर्थिक तथा वातावरण मैत्री बनाउन बैज्ञानिक वन व्यवस्थापन योजना निर्माण गर्न तथा वनजन्य उद्योगहरूको स्थापनाका लागि नीतिगत रूपमा कडा बनाउन सम्बन्धित निकायमा पहल गरिनेछ ।
- गाउँपालिकामा कम्तिमा एउटा नर्सरी स्थापना गरी वनविकास तथा सडक, नदी र सार्वजनिक जग्गाहरूमा सरोकारवाला निकायहरूको साझेदारीमा वृक्षारोपण गरिनेछ र निजी वनको अवधारणा प्रोत्साहन गरिनेछ ।
- संकटापूर्ण अवस्थामा पुगेका वन, वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसावले महत्वपूर्ण क्षेत्र **(Biodiversity hot Spot)** को पहिचान तथा संरक्षण, जैविक विविधता अभिलेखीकरण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरिनेछ ।
- जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न वार्षिक योजना तर्जुमा गर्दा विकास योजनालाई वातावरण मैत्री बनाउँदै विकास गतिविधि सञ्चालन गरिनेछ ।
- कवुलियती वन तथा पशुविकास कार्यक्रम अन्तर्गत जग्गा विहिन, अति गरिव, महिला घरमूली भएका दलित तथा जनजातीलाई प्राथमिकता दिई समुह गठन गर्ने, वन हस्तान्तरण गर्ने र आयमुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- प्राकृतिक प्रकोप न्युनीकरण गर्न र प्राकृतिक प्रकोपबाट पिडितहरूलाई व्यवस्थापन गर्नका लागि जानकी गाउँपालिकामा प्रकोप व्यवस्थापन कोषको स्थापना गरिने छ ।
- बाढी, पहिरो तथा प्राकृतिक प्रकोपको दृष्ट्रिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई व्यवस्थापन योजना तर्जुमा गरी कार्यन्वयनमा जोड दिइनेछ ।
- गाउँपालिका भित्र ईटा भट्टालाई प्रद्षण मुक्त वनाउन उद्योगहरुलाई कडाईका साथ नीति बनाई लागु गरिनेछ ।
- सफा र हरियाली गाउँपालिका निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षा रोपण, बाँस रोपण, रुख तथा बाँसद्वारा तटबन्धन, सामुदायिक भवनको संरक्षण, खाली ठाउँमा वृक्षरोपण, तथा एक घर दुई रुखको विरुवाको सुरुवात गरी गाउँ परिसरलाई सफा र हरियाली गाउँपालिकाको रुपमा विकास गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणिय प्रभाब मुल्याङ्कन र BIO Engineering को प्रविधि अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्र हुने बाढी पहिरो, आगलागि, भूकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृषि विपत्तिबाट तुरुन्त राहत कार्य गर्न गाउँपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, जिल्ला प्रहरी र नेपाल रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत दिर्घकालिन योजना बनाउन

गाउँपालिकामा विपद व्यवस्थापन केन्द्र स्थापना गरिनेछ । विपद व्यवस्थापनका लागि अस्थाई Shelter को व्यवस्था गरिनेछ ।

## ङ) संस्थागत विकास, सुशासन र सेवा प्रवाह सम्बन्धी नीति :

- गाउँपालिकावाट उपलब्ध गराईने सार्वजनिक सेवाहरुको स्पष्ट हुनेगरी नागरिक वडापत्र, हेल्प डेक्स, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी तोकी दैनिक सेवा प्रवाहलाई सहज र सरल वनाईनेछ ।
- गाउँपालिकाको Website निमार्ण भैसकेको हुंदा गतिविधी तथा सूचनाहरु नियमितरुपमा सार्वजनिक र अद्यावधिक गरी नागरिकको सूचनाको हक सुनिश्चित गर्ने र गाउँपालिकावाट प्रदान गर्दै आएका सेवा सुविधाहरु सूचना प्रविधिको माध्यमवाट प्रदान गरी सर्वसाधारण हरुको पहुँच सरल र सहज बनाईनेछ ।
- निर्वाचित जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, राष्ट्रिय तथा अन्तराष्ट्रिय अवलोकन भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन विधि प्रभावकारी र वैज्ञानिक वनाई प्रोत्साहन तथा दण्डात्मक पद्धतिका आधारमा कर्मचारीलाई सेवामुखी तथा जवाफदेही वनाईनेछ ।
- गाउँपालिका अर्न्तरगत रहेका कर्मचारीहरुको कर्मचारी कल्याणकोष परिचालन कार्यविधि वनाई कार्यान्वयनमा ल्याईनेछ ।
- जेष्ठ नागरिक, दलित, विधवा महिला, एकल महिला, दलित वालवालिका, पूर्णअशक्त अपाङ्ग, आशिंक अशक्त अपाङ्ग र लोपोन्मुख आदिवासी जनजातीलाई प्रदान गरिदै आईरहेको सामाजिक सुरक्षा भता वितरण कार्य वैकिङ प्रणाली मार्फत गरिनेछ र व्यक्तिगत घटना दर्ता कार्य Online System मा गरिनेछ ।
- सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशानसनको अनुभूती दिलाउन गाउँपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको सार्वजनिक सुनुवाई, आयोजना स्थलमै सामाजिक परिक्षणलाई निरन्तरता साथ साथै योजना सूचना पाटीलाई व्यवस्थित गदै कामका आधारमा रकम भुक्तानी गरिने नीति लिइनेछ ।
- गाउँपालिकावाट सञ्चालित आयोजना तथा कार्यक्रमलाई छिटो छरितो एवं प्रभावकारी रुपमा संञ्चालन गर्नका लागि प्रत्येक आ.व.को वैशाख मशान्त भित्र सम्पन्न गरी सो को भुक्तानि तथा फरफारक गर्नेगरी कार्य योजना तयार गरी कार्यान्वयन गर्ने नीति अवलम्वल गरिने छ ।
- पेश्की, वेरुजु र भ्रष्टाचार विरुद्ध शुन्य शहनशिलताको नीतिलाई अवलम्वन गरिनेछ ।

- गाउँपालिको कार्य सम्पादनलाई छिटो छरितो, पारदर्शी एवम् सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकिय क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।
- गाउँपालिको संस्थागत क्षमता अभिवृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।
- गाउँपालिकालाई आवश्यक पर्ने मेशिनरी औजार, ढुवानीका साधन र सवारी साधन व्यवस्थापनका लागि सञ्चालन कार्यविधि बनाई लागु गरिनेछ ।
- सुशासन ऐन, सूचना सम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना गरिनेछ ।
- ईहाजिरी, डिजिटल सूचना पार्टी, डिजिटल नागरिक वडापत्र जस्ता पूर्वाधार व्यवस्थापन गरि सेवाप्रभाहमा प्रभावकारिता ल्याईनेछ ।
- पालो व्यवस्थापन प्रणाली, सेवाग्राहीका लागि प्रतिक्षाकक्ष निर्माण एवं व्यवस्थापन गरिनेछ ।
- ग्रुप एसएमएस प्रणाली, सामाजिक सञ्जालको प्रयोग मार्फत गाउँपालिका सूचना, सन्देश संप्रेक्षण गरिनेछ ।
- व्यवस्थित विकास र योजना वद्ध विकासका लागि गाउँपालिका को **पार्श्वचित्र निर्माण, आवधिक योजना निर्माण, कर सम्भाव्यता अध्ययन** अनुसन्धान गरिनेछ ।
- सार्वजनिक लेखा समिति गठन, क्षमता अभिवृद्धि, परिचालन गरि आर्थिक सुशासन कायम विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

**स्थानीय अभिलेख व्यवस्थापन**

- गाउँपालिकाको क्षेत्र भित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पतिको अद्यावधिक र अभिलेखन कार्य गर्ने नीति लिईनेछ ।
- स्थानीय अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको उपयोग गरिनेछ ।
- अपाङ्ग व्यक्ति, बालश्रमिक, सडक बालबालिका, एकल महिला, हिंसा पिडित महिला, अल्पसंख्यक जाति र दन्द्ध पिडितको अभिलेख तयार गरिनेछ ।
- गाउँपालिका भित्र रहेका वेरोजगारहरुको तथ्यांक संकलनको कार्य गरिनेछ ।
- जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद, वसाई सराई दर्ता र परिवारिक लगतको अभिलेख तथा पञ्जिकरण व्यवस्थापन गरिनेछ ।
- सामाजिक सुरुक्षा र गरिबि निवारण लक्षित समूह सम्बन्धी योजना, कार्यकम, श्रोत परिचालन र व्यवस्थापनका कार्यहरु प्रभावकारी रुपले संचालन गरिनेछ ।
- गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमनका कार्यहरु गरिनेछन ।
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन सम्बन्धी नीति लागु गरिनेछ ।

**न्यायिक समितिः**

- न्यायिक समितिको कार्यसम्पादनका लागि आवश्यक विभिन्न नियम, कार्यविधिहरु निर्माण एवं प्रभावकारी कार्यन्वयन गरिनेछ ।
- न्यायिक समितिका संयोजक, सदस्यहरु र कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम, अवलोकन भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- समुदाय स्तरमा मेलमिलापकर्ताहरुको परिचालन, उनीहरुको क्षमता अभिवृद्धि र पुर्नताजगीका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- न्यायिक प्रक्रियालाई सरलीकृत र परिस्कृत बनाउन सूचना प्रविधिको उपयोग गरिनेछ, न्यायिक क्षेत्रमा अनुभवीहरु संग समन्वयात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- हिंसामा परेका हिंसा पिडित महिला, वालवालिकाहरुको सहयोगका लागि सहायता, सेल्टरको व्यवस्था र कानूनी उपाचरका लागि सहयोग गरिने नीति अवलम्बन गरिने छ ।
- हिंसा न्यूनीकरणका लागि सचेतना फैलाईने जस्ता कार्यक्रम तर्जुमा गरि लागु गरिनेछ ।

**विधायन समिति**

- विधायन समितिको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम, अन्य निकायहरु सँग समन्वात्मक गाउँ पालिकालाई आवश्यक विभिन्न ऐन, नियम, कार्यविधिहरु निर्माण गयरनेछ ।
- पारित भएका ऐन, नियम, कार्यविधिहरुको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाईने छ नीति अनुगमनका लागि आवश्यक पहल गरिनेछ ।

**आदरणीय गाउँ सभाका अध्यक्ष ज्यू,**
**उपस्थित गाउँ सभाका सदस्य ज्युहरु**

अव म आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आर्थिक वर्ष २०७५/०७६ को कुल आय तर्फ :**

**आय तर्फ**

| क.सं. | विवरण | रकम (रु ह्जारमा) |
|---|---|---|
| १.१ | वित्तिय समानीकण (संघ बाट प्राप्त हुने) | १३४,४००.०० |
| १.२ | राजस्व वाँडफाँड (संघ बाट प्राप्त हुने) | ८७,७१५.०० |
| १.३ | शशर्त अनुदान (संघ बाट प्राप्त हुने) | १४५,२००.०० |
| | प्रदेश सरकारबाट प्राप्त हुने आय | |

| | | |
|---|---|---|
| २.१ | वित्तिय समानीकण | ७,५८६.०० |
| २.२ | राजस्व बाँडफाँड | ३,५३३.०० |
| २.३ | शशर्त अनुदान | - |
| ३ | आन्तरिक आय | १०,७००.०० |
| ४ | सामाजिक सुरक्षा | ७०,०००.०० |
| | कुल जम्मा बजेट | ४५९,१३४.०० |

आयतर्फ प्रदेश सरकार बाट प्राप्त हुने शशर्त कार्यक्रम तथा रकम समावेश गरिएको छैन र उक्त रकममा आर्थिक वर्ष २०७४/०७५ को साल तमामी पश्चात बच्न सक्ने मौज्जाद समावेश गरिएको छैन । वित्तिय समानीकरण तर्फको मौज्जाद रकम घटेर नआएको खण्डमा आय तर्फ र व्यय तर्फ संशोधित अनुमान पेश गर्नेनै छु ।

**व्यय तर्फ**

आर्थिक वर्ष २०७५/०७६ का लागि विनियोजन ऐन छुट्टै पेश गरिनेछ ।

अन्तमा प्रस्तुत नीति, बजेट र कार्यक्रमको परिस्कृतरुपमा संशोधन र स्वीकृतका लागि यहाँहरुमाझ अनुरोध गर्दै धैर्यताका साथ यहाँहरुको सक्रिय उपस्थितिका लागि धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

उमा महतो
उपाध्यक्ष
जानकी गाउँपालिका
दुर्गौली, कैलाली